# नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको

# प्रबन्ध-पत्र

## तथा

# नियमावली

कम्पनीको तेह्रौं साधारणसभा (मिति २०७७/१२/१३) द्वारा संशोधित

# नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको

● (कम्पनी ऐन, २०६३ अन्तर्गत शेयरहरुको दायित्व सीमित हुने गरी संस्थापना भएको)

## प्रबन्ध-पत्र

१. <u>कम्पनीको नाम:</u> नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको नामबाट कम्पनीको स्थापना हुनेछ ।

२. (क) <u>कम्पनीको रजिष्टर्ड कार्यालय:</u> यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.११ मा रहनेछ । यसलाई कम्पनीको मुख्य कार्यालय भनिने छ ।

(ख) <u>कम्पनीको कारोबार गर्ने स्थान:</u> कम्पनीले नेपालभित्रA वा बाहिर आवश्यकता अनुसार बिभिन्न स्तरका कार्यालय खोली कारोबार संचालन गर्न सक्नेछ ।

३. <u>कम्पनीको उद्देश्य:</u> यस कम्पनीको मुख्य उद्देश्य देहाय बमोजिम हुनेछ:

(क) दूरसञ्चार सेवालाई व्यवसायीकरण गरी स्तरीय सेवा प्रदान गर्ने ।

(ख) दूरसञ्चार सेवा प्रदान गर्ने ।

(ग) दूरसञ्चार सेवा आदान प्रदान गर्ने गराउने ।

(घ) दूरसञ्चार सेवा बिकास गर्न आधुनिक दूरसञ्चार प्रणालीको बिकास एवं विस्तार गर्ने ।

(ङ) दूरसञ्चार सेवा संचालन गर्न भू-उपग्रह स्थापना गर्ने, एण्टेना निर्माण तथा जडान गर्ने, स्विचिङ्ग उपकरण निर्माण तथा जडान गर्ने गराउने ।

(च) ग्राहकलाई नेपालभित्रA तथा बाहिर दूरसञ्चार सेवा उपलब्ध गराउने ।

(छ) दूरसञ्चार प्रणालीको प्रयोगका लागि तार वा केबुल राख्ने, टावर, खम्बा, एण्टेना, लट्ठा तथा अन्य उपकरणहरु निर्माण तथा जडान गर्ने र तिनीहरुको लागि आवश्यक अन्य संरचनाको निर्माण गर्ने ।

(ज) दूरसञ्चार सेवा बिस्तारका लागि संभाव्यता अध्ययन गर्ने गराउने ।

(झ) दूरसञ्चार सेवा संचालन तथा बिकासको लागि आवश्यक अन्य कार्य गर्ने ।

४. <u>कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरु:</u> यस कम्पनीले उपर्युक्त उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्नेछ:

(क) कम्पनीले प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरी मात्र उपर्युक्त उद्देश्य कार्यान्वयन गर्ने,

(ख) कम्पनीलाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिने र कम्प्यूटर, टेलिफोन, टाइपराइटर, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने,

(ग) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्ने,

---

● *कम्पनीको प्रथम साधारणसभा (मिति २०६५।१२।३०) द्वारा संशोधन*

A *कम्पनीको तेश्रो साधारणसभा (मिति २०६८।१।१९) द्वारा संशोधन*

(घ) कम्पनीमा लगानी भएको शेयरको रकम तथा त्यसबाट आर्जित रकम बैंकमा जम्मा गरी बैंक खाता संचालन गर्ने,

(ङ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै बित्तीय संस्थाबाट धितो राखी वा नराखी कर्जा लिने,

(च) कम्पनीको नामबाट शेयर तथा डिवेन्चर खरिद गर्न तथा त्यसलाई बिक्री गर्न सक्ने,

(छ) देहायका अन्य आवश्यक कुराहरु गर्ने:

(१) दूरसञ्चार सम्बन्धी उपकरण निर्माण गर्ने तथा खरिद गर्ने,

(२) दूरसञ्चार प्रणालीको लागि आवश्यक संरचनाको निर्माण गर्ने,

(३) दूरसञ्चार सेवालाई प्रभावकारी तथा सेवामूलक बनाउन अनुगमन, अध्ययन तथा बिश्लेषण गर्ने गराउने,

(४) दूरसञ्चार सम्बन्धमा भैरहेका नयां प्रबिधिहरुको अध्ययन तथा बिश्लेषण गर्ने गराउने,

(५) कम्पनीको निमित्त आवश्यक मेशिन, औजार, उपकरण आदि खरिद गर्ने, आयात गर्ने, भाडामा लिने र त्यस्ता उपकरणहरु आवश्यकता अनुसार अरुलाई भाडामा दिने,

(६) आवश्यक शुल्क लिई दूरसञ्चार प्रणाली प्रयोग गर्न दिने तथा अन्य संस्थाद्वारा निर्मित दूरसञ्चार प्रणाली आवश्यकता अनुसार प्रयोग गर्ने,

(७) कम्पनीको निमित्त आवश्यक जग्गा, भवन वा यस्तै सम्पत्ति खरिद गर्ने वा प्राप्त गर्ने र त्यसमा आवश्यकता अनुसार निर्माण सुधार गर्ने,

(८) कम्पनीले आफूले निर्माण वा जडान गरेका संरचनाहरुको निरिक्षण तथा जांचबुझ गर्ने र आवश्यकता अनुसार मर्मत सुधार गर्ने,

(९) ग्राहकलाई दूरसञ्चार सेवा उपलब्ध गराए बापत प्रचलित कानून बमोजिम सेवा शुल्क निर्धारण गराई त्यस्तो सेवा शुल्क असूल गर्ने,

(१०) ग्राहकलाई दूरसञ्चार सेवा उपलब्ध गराए बापत धरौटी र जडान खर्च लिने,

(११) कम्पनीले पाउने सुबिधा प्राप्त गर्ने,

(१२) दूरसञ्चार प्रणालीको निर्माण वा जडानको क्रममा कम्पनीको तर्फबाट कसैलाई कुनै हानीनोक्सानी हुन गएमा त्यसको क्षतिपूर्ति दिने,

(१३) कम्पनीलाई प्राप्त हक अधिकार तथा सम्पत्ति कम्पनीको हितको लागि बेच बिखन गर्ने, भाडामा दिने वा अन्य उपयुक्त व्यवस्था गर्ने,

(१४) अन्य व्यक्तिलाई ठेक्कामा काम दिने वा लगाउने,

(१५) दूरसञ्चार सम्वन्धी संरचना आदान प्रदान गर्न सम्झौता गर्ने,

(१६) दूरसञ्चार सेवा सम्बन्धी निर्माण, जडान व्यवस्थापन वा परामर्श सेवा प्रदान गर्ने,

(१७) कम्पनीको हितलाई ध्यानमा राखी सहायक कम्पनी स्थापना गर्ने, कम्पनी प्रबर्द्धन गर्ने वा अन्य कम्पनी प्राप्त गर्ने वा त्यस्ता कम्पनीको शेयर पूंजीमा लगानी गर्ने,

(१८) कम्पनीको उद्देश्य अनुरुपको काम गर्ने व्यक्तिसंग मुनाफा बाड्ने सम्बन्धमा सम्झौता गरी काम गर्ने,

(१९) प्रचलित कानूनको अधिनमा रही कम्पनीको शेयर बिक्री वा सार्वजनिक निष्काशन गर्ने,

(२०) वण्ड वा डिवेन्चर जारी गर्ने वा अन्य उपयुक्त तरिकाबाट ऋण लिने,

A,H(२१) कम्पनीमा मौज्दातमा रहेको रकम बैंक तथा बित्तिय कम्पनी, धितोपत्र वा अन्य कम्पनीको शेयर तथा ऋण पूंजीमा लगानी गर्ने, साथै विद्युत र उर्जा उत्पादन, प्रसारण वा वितरण गर्न र Infrastructure Sharing गर्ने प्रयोजन समेतका लागि अन्य सेवामूलक कम्पनी खोल्ने वा त्यस्ता कम्पनीमा ऋण समेत लगानी गर्ने ।

(२२) **दूरसञ्चार** सम्बन्धी उपकरण निर्माण वा खरिद गरी ग्राहकलाई बिक्री बितरण गर्ने,

(२३) कम्पनीद्वारा आर्जित मुनाफाबाट शेयर होल्डरलाई लाभांश, अन्तरिम लाभांश वा बोनस शेयर बाड्ने,

(२४) कम्पनीको हिंतको निमित्त कम्पनीको सम्पत्ति वा अधिकारहरुमध्ये केही वा सबै धितो बन्धक दिने, सट्टापट्टा गर्ने, बिक्री गर्ने वा अन्य उचित प्रबन्ध गर्ने,

(२५) कम्पनीको आन्तरिक व्यवस्थापन र कार्य संचालनको निमित्त आवश्यक विनियमहरु बनाई लागु गर्ने,

(२६) कम्पनीलाई प्राप्त हुने सम्पूर्ण रकम बैंक वा बित्त कम्पनीमा खाता खोली जम्मा गर्ने र कम्पनीबाट भुक्तानी गर्नुपर्ने रकम भुक्तानी गर्ने,

(२७) कम्पनीको उद्देश्य प्राप्तिका लागि आवश्यक र सहायक हुने अन्य किसिमका कामहरु गर्ने गराउने ।

५. <u>कम्पनीको अधिकृत पूंजीको अंक र बिभिन्न प्रकारको शेयर संख्या:</u>

(क) कम्पनीको अधिकृत पूंजी रु.२५,००,००,००,०००।- (पच्चीस अरब रुपैया) हुनेछ । उक्त पूंजीलाई रु.१००।- (एक सय) दरका २५,००,००,०००।- (पच्चीस करोड) साधारण शेयरमा बिभाजन गरिएको छ ।

(ख) कम्पनीको जारी पूंजी रु.१५,००,००,००,०००।- (पन्ध्र अरब) हुनेछ ।

(ग) तत्काल जारी गरिने पूंजी रु.१५,००,००,००,०००।- (पन्ध्र अरब) हुनेछ ।

६. <u>शेयर खरिद वा हस्तान्तरण गर्न कुनै बन्देज रहेको भए सो कुरा:</u>

कम्पनीको शेयर प्रचलित कानूनको अधिनमा रही चल सम्पत्ति सरह धितो बन्धक राख्न वा बिक्री गर्न अन्य कुनै ब्यहोराले हक छोडि दिन सकिनेछ ।

७. <u>अन्य आवश्यक कुराहरु:</u>

(क) कम्पनीको संस्थापना गर्दा लागेको खर्च कम्पनीले नै व्यहोर्नु पर्नेछ ।

(ख) शेयरको मूल्य बापतको रकम नगद, जिन्सी सम्पत्ति वा उपकरणको रुपमा लिन सकिनेछ र सो सम्बन्धमा निर्णय गर्ने अधिकार संचालक समितिलाई हुनेछ । संस्थापकले लिन मञ्जुर गरेको शेयर बापतको रकम संस्थापकले पहिले लगानी गरेको ऋण वा शेयर लगानीबाट कट्टा हुने गरी शेयर दिन सकिनेछ ।

(ग) नेपाल सरकारले दूरसञ्चार संस्थान बिघटन गरेपछि सो संस्थानको हक, अधिकार, सम्पत्ति, दायित्व र कर्मचारी कम्पनीमा सर्नेछ । कम्पनीले नेपाल दूरसञ्चार संस्थानको हक अधिकार र सम्पत्ति एवं दायित्व लिएकोमा त्यस्तो सम्पत्तिको मूल्य बापत लगानीकर्तालाई शेयर वा डिवेन्चरको रुपमा भुक्तानी गर्न सक्नेछ । सो कुरा कम्पनीको शेयर सार्वजनिक निष्काशन गर्दा बिवरण-पत्रमा समेत उल्लेख गरिनेछ ।

---

A *कम्पनीको तेश्रो साधारणसभा (मिति २०६८।१।१९) द्वारा संशोधन*

H *कम्पनीको बाह्रौ साधारणसभा (मिति २०७६।९।२९) द्वारा संशोधन*

राजेन्द्र श्रेष्ठ
कम्पनी सचिव

(घ) कम्पनीको साधारणसभाको निर्णय र सम्बन्धित कार्यालयको स्विकृती लिई अधिकृत पूंजी मध्येबाट जारी पूंजी बृद्धि गर्न सकिनेछ ।

(ङ) कम्पनीको शेयर निष्काशन गर्दा नेपाल सरकारले कुनै खास वर्गको निमित्त शेयर सुरक्षण गर्ने निर्णय गरेमा त्यस्तो वर्गलाई शेयर सुरक्षण गर्न सक्नेछ ।

(च) संचालक समितिले उपयुक्त कारण खोली निर्णय गरेमा ऐन बमोजिम कम्पनीको जायजेथा धितो राखी वा नराखी ऋण लिन वा डिवेन्चर जारी गर्न सक्नेछ ।

(छ) कम्पनीले डिवेन्चर जारी गरी ऋण उठाउने भएमा शेयरमा परिणत हुने वा नहुने क्यूमुलेटिभ (Cumulative) वा नन क्युमुलेटिभ (Non Cumulative) डिवेन्चर समेत जारी गर्न सक्नेछ । डिवेन्चर सम्बन्धी शर्तहरु बिवरणपत्रमा उल्लेख गरिनेछ ।

८. **संस्थापकहरुले तत्काल लिन कबुल गरेको शेयर संख्या:**

हामी नेपाल दूरसञ्चार कम्पनी लिमिटेडका निम्न संस्थापकहरुले देहाय बमोजिमको संख्यामा शेयर लिन कबुल गरी देहायका साक्षीको रोहबरमा यस प्रबन्धपत्रमा सहीछाप गरेका छौं ।

| सि.नं. | संस्थापकको नाम र ठेगाना | सहीछाप | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम र ठेगाना | साक्षीको सहीछाप |
|---|---|---|---|---|---|
| १ | *सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सचिव | दस्तखत | * ६,२२,९४,३०० | मुकुन्द प्रसाद आचार्य | दस्तखत |
| २ | अर्थ मन्त्रालय, सचिव | दस्तखत | ७,४९,४६,००० | सुशिल प्रसाद शर्मा | दस्तखत |
| ३ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सचिव | दस्तखत | १,००० | बाबुराम पराजुली | दस्तखत |
| ४ | *कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, सचिव | दस्तखत | १,००० | माधव पौडेल | दस्तखत |
| ५ | महालेखा नियन्त्रकको कार्यालय, म.नियन्त्रक | दस्तखत | १,००० | बिनोद के.सी. | दस्तखत |
| ६ | सूचना विभाग, महानिर्देशक | दस्तखत | १,००० | केदार बहादुर भट्टराई | दस्तखत |
| ७ | नागरिक लगानी कोष | दस्तखत | ५०,००० | अर्जुलाल | दस्तखत |
| * ८ | सर्व-साधारण शेयर समूह | दस्तखत | १,२७,०५,७०० | विष्णु प्रसाद कसजु, सर्व-साधारण शेयरधनीको प्रतिनिधि | दस्तखत |
| | जम्मा: | | १५,००,००,००० | | |

मैले मस्यौदा गरेको यो प्रबन्धपत्रमा संस्थापक तथा साक्षीहरुले मेरो सामुन्नेमा हस्ताक्षर गरेका हुन् र प्रबन्धपत्रमा प्रचलित कानूनसंग बाझिने कुनै प्रावधान समावेश छैन भनी प्रमाणित गर्ने कानून व्यवसायी/चार्टर्ड एकाउन्टेन्टको,-

(क) नाम:- कोष कुमार नेम्वाङ्ग

(ख) दस्तखत:-

(ग) प्रमाण-पत्र नम्वर:-

(घ) मिति:- २०६०।०९।०२

---

** कम्पनीको तह्रौ साधारणसभा (मिति २०७७।१२।१३) द्वारा संशोधन*



कम्पनी सचिव

● कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापना हुने
(शेयरहरुमा सीमित दायित्व भएको)

# नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको नियमावली

१. **कम्पनीको नाम:** यस कम्पनीको नाम नेपाल दूरसञ्चार कंम्पनी लिमिटेड हुनेछ ।

२. **कम्पनीको रजिष्टर्ड कार्यालय:** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.११ भद्रकाली प्लाजामा रहनेछ ।

३. **कम्पनीको उद्देश्य:** यस कम्पनीको उद्देश्य प्रबन्धपत्रको दफा ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

४. **कम्पनीको उद्देश्य पुरा गर्न गरिने कामहरु:** कम्पनीले आफ्नो उद्देश्य पुरा गर्न गर्ने कामहरुको बिवरण प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए बमोजिम हुनेछ ।

५. **कम्पनीको अधिकृत पूंजीको अंक र बिभिन्न प्रकारको शेयर संख्या:**
(क) कम्पनीको अधिकृत पूंजी रु.२५,००,००,००,०००।- हुनेछ ।
(ख) कम्पनीको जारी पूंजी रु.१५,००,००,००,०००।- हुनेछ ।
(ग) कम्पनीको प्रति शेयर मूल्य रु.१००।- (एक सय) हुनेछ ।
(घ) कम्पनीले आफ्नो अधिकृत पूंजीमध्ये पन्ध्र करोड थान साधारण शेयर तत्काल जारी गरेको छ ।

६. **अग्राधिकार शेयरवालाको बिशेषाधिकार तथा बन्देजहरु:**
(क) हाल अग्राधिकार शेयर निष्काशन गरिएको छैन । संचालक समितिले आवश्यकतानुसार अग्राधिकार शेयर जारी गर्न सक्नेछ ।
(ख) अग्राधिकार शेयरवालाका बिशेष अधिकार तथा बन्देजहरु त्यस्तो शेयर निष्काशन गर्दा संचालक समितिले तोकिदिए बमोजिम हुनेछन् ।

● ७. **शेयर बांडफांड र शेयर बापतको रकम भुक्तानी:** शेयर बांडफांड सम्बन्धी प्रक्रिया कम्पनी ऐन, २०६३ मा उल्लेख भए बमोजिम हुनेछ ।

●८. **शेयर प्रमाण-पत्र:** शेयर बांडफांड भएको मितिले दुई महिना भित्र प्रत्येक शेयरवालाहरुलाई निजले लिएको शेयर बापत कुनै संचालक वा कम्पनीको कार्यकारी प्रमुख वा कम्पनी सचिवमध्ये कुनै दुई जनाको दस्तखत र कम्पनीको छाप लगाई शेयर प्रमाण-पत्र दिईनेछ ।

---

● *कम्पनीको प्रथम साधारणसभा (मिति २०६५।१२।३०) द्वारा संशोधन*

राजेन्द्र श्रेष्ठ
कम्पनी सचिव

९. **शेयर हस्तान्तरण:**

(१) कम्पनीको कुनै शेयरधनीले आफ्नो शेयर अर्को व्यक्तिलाई बिक्री गरेमा शेयर खरिद गर्ने व्यक्तिले त्यस्तो शेयर दाखिल खारेज गर्नको निमित्त नेपाल राजपत्रमा प्रकाशित सूचनामा तोकिएको ढांचामा तोकिएको दस्तुर शेयर खरिद बिक्रीसंग सम्बन्धित लिखत र शेयरको प्रमाण-पत्र सहित कम्पनीको रजिष्टर्ड कार्यालयमा निबेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निबेदन परेमा कम्पनीले प्रबन्धपत्रको दफा (६) को अधिनमा रही दर्ता किताबमा साबिक शेयरवालाको नाम खारेज गरी हालको शेयरवालाको नाम दर्ता गर्नेछ ।

१०. **कम्पनीको सभा बोलाउने तरिका र सभाका लागि दिनु पर्ने सूचना सम्बन्धी कुराहरु:**

(१) यस कम्पनीको साधारणसभा देहाय बमोजिम हुनेछन्:

(क) बार्षिक साधारणसभा र

(ख) बिशेष साधारणसभा

●(२) यस कम्पनीले कम्पनी ऐन, २०६३ को दफा ७६(१) बमोजिम कारोबार शुरु गर्ने इजाजत पाएको एक बर्षभित्र प्रथम बार्षिक साधारणसभा गर्नेछ र त्यसपछि प्रत्येक बर्ष कम्पनीको आर्थिक बर्ष पुरा भएको ६ महिनाभित्र बार्षिक साधारणसभा गर्नेछ ।

(३) यस कम्पनीको बार्षिक साधारणसभा गर्नका लागि कम्तीमा २१ दिन अगावै र बिशेष साधारणसभा गर्नका लागि कम्तीमा १५ दिन अगावै सभा हुने ठाउं, मिति र छलफल गर्ने बिषय खोली सबै शेयरवालालाई सूचना दिनेछ ।

(४) उपनियम (३) बमोजिम बोलाइएको साधारणसभामा नियम ११ बमोजिमको गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ दिनको म्याद दिई पुन: साधारणसभा बोलाउनेछ ।

●११. **गणपूरक संख्या:** कुल शेयरवाला संख्याको ५० प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरवालाहरु मध्ये ३ जना शेयरवालाहरु स्वयं वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित नभई साधारणसभाको काम कारवाही हुने छैन ।

तर, नियम १० को उपनियम (४) मा उल्लेख भए बमोजिम पुन: बोलाइएको साधारणसभामा कुल शेयर संख्याको २५ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी ३ जना शेयरवालाहरु स्वयं वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन् ।

१२. **संचालक समिति:**

(क) संचालकहरुको नियुक्ति बार्षिक साधारणसभाबाट हुनेछ ।

(ख) यस कम्पनीमा ७ (सात्) जना संचालक हुनेछन् ।

G(ग) यो नियम प्रारम्भ भएपछि नियमावलीको नियम १२ को खण्ड (छ) को समूह (ग) अनुसार सर्वसाधारण शेयरधनी मध्येबाट निर्वाचित हुने सञ्चालकको कार्यकाल ३ वर्ष वा नियुक्ति भएको मिति देखि तीनवटा साधारणसभा बस्ने मिति मध्ये जुन पहिले हुन्छ सो मितिसम्म मात्र हुनेछ ।

C तर, खण्ड (छ) अन्तरगत रहेको समूह-ख बमोजिमका संचालकको कार्यकाल दुई वर्षको हुनेछ ।

---

● *कम्पनीको प्रथम साधारणसभा (मिति २०६५।१२।३०) द्वारा संशोधन*

C *कम्पनीको छैठौं साधारणसभा (मिति २०७१।३।२४) द्वारा संशोधन*

G *कम्पनीको दशौं साधारणसभा (मिति २०७४।९।३०) द्वारा संशोधन*



कम्पनी सचिव

(घ) बार्षिक साधारणसभा हुनुभन्दा अगावै कुनै संचालकको पद रिक्त हुन आएमा बांकी अवधिका लागि संचालकको नियुक्ति संचालक समितिद्वारा गर्न सकिनेछ । कुनै संचालकको पद बीचमा रिक्त भई सो पदमा नियुक्त भएको संचालकको कार्यकाल सो संचालक जुन संचालकको पद रिक्त भई नियुक्त भएको हो सो संचालकको बांकी कार्यकालसम्मका लागि मात्र हुनेछ ।

(ङ) संचालक समितिको बैठक बर्षमा कम्तीमा ६ पटक बस्नेछ ।

(च) संचालक समितिको बैठकमा संचालकहरु स्वयं उपस्थित हुनु पर्नेछ ।

● (छ) संचालक समिति: कम्पनीमा देहाय बमोजिमको एक संचालक समिति हुनेछ ।

समूह क (संस्थापक समूह)

| | | |
|---|---|---|
| १. | सचिव, सूचना तथा संचार मन्त्रालय | - अध्यक्ष |
| २. | प्रतिनिधि, अर्थ मन्त्रालय | - सदस्य |
| ३. | प्रतिनिधि, कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालय | - सदस्य |
| E४. | नेपाल सरकार मन्त्रिपरिषदबाट नियुक्त कम्पनीको प्रवन्ध निर्देशक | - सदस्य |
| ५.● | अन्य संस्थापक शेयरधनीहरु मध्येबाट सूचना तथा संचार मन्त्रालय मार्फत नियुक्त प्रतिनिधि | - सदस्य |

Dसमूह ख (कर्मचारी समूह)

| | | |
|---|---|---|
| ६. | संचालक समितिबाट स्वीकृत कार्यविधि अनुरुप कम्पनीमा कार्यरत कर्मचारीहरुबाट छनौट भएको कम्पनीको कर्मचारी | - सदस्य |

समूह ग (सर्वसाधारण समूह)

| | | |
|---|---|---|
| १.● | सर्वसाधारण शेयर धनीहरु मध्येबाट निर्वाचित प्रतिनिधि एक जना | - सदस्य |

(ज) संचालक समिति सम्बन्धी अन्य कुराहरु कम्पनी ऐन, G २०६३ मा व्यवस्था भए अनुरुप हुनेछ ।

●१३. संचालक हुन लिनु पर्ने न्यूनतम शेयर संख्या: यस कम्पनीको संचालकको पदमा नियुक्ति हुनका लागि आफ्नो नाममा कम्तीमा एक सय थान शेयर लिएको हुनु पर्नेछ । तर संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा उपर्युक्त व्यवस्था लागु हुने छैन ।

●१४. संचालक हुनका निमित्त चाहिने योग्यता: नियम १३ मा उल्लिखित संख्याको शेयर आफ्नो नाममा लिएको र कम्पनी ऐन, २०६३ को दफा ८९ तथा अन्य प्रचलित नेपाल कानून बमोजिम कम्पनीको संचालक हुन अयोग्य नभएको व्यक्ति मात्र यस कम्पनीको संचालकको पदमा नियुक्त हुन सक्नेछ ।

---

● *कम्पनीको प्रथम साधारणसभा (मिति २०६५।१२।३०) द्वारा संशोधन*
D *कम्पनीको सातौ साधारणसभा (मिति २०७१।१२।२७) द्वारा संशोधन*
E *कम्पनीको आठौ साधारणसभा (मिति २०७३।१।२०) द्वारा संशोधन*
G *कम्पनीको दशौं साधारणसभा (मिति २०७४।९।३०) द्वारा संशोधन*

E१५. <u>प्रबन्ध निर्देशकको नियुक्ति, सेवा, सुविधा, कर्तब्य र अधिकार:</u>

(क) कम्पनीको प्रबन्ध निर्देशकको नियुक्ति र सेवा सुबिधा सम्बन्धी शर्तहरु नेपाल सरकार मन्त्रीपरिषदबाट स्वीकृत निर्देशिकामा उल्लेख गरे बमोजिम हुनेछ र सो निर्देशिका यस नियमावलीको अभिन्न अंग हुनेछ ।

F(क१) प्रबन्ध निर्देशकले खण्ड (क) मा उल्लिखित सुबिधाको अतिरिक्त देहाय बमोजिमको सुबिधा पाउने छ :

१) भैपरि आउने बिदा बार्षिक ९ दिन तथा बिरामी बिदा बार्षिक १२ दिन (संचित बिदाको भुक्तानी नहुने गरी) ।

२) कम्पनीको सवारी साधन १ (चालक र लगबुक अनुसार इन्धन खर्च उपलब्ध गराउने गरी) ।

३) कम्पनीको नायब प्रबन्ध निर्देशकले पाउने सरह कडा रोग उपचार खर्च तथा दुर्घटना विमा ।

४) कार्य सम्पादन करारमा उल्लेख भए बमोजिमको न्यूनतम कार्य सम्पादन मापन सूचकांकको ११० प्रतिशत वा सो भन्दा बढी उपलब्धी हासिल भएमा उपलब्धी प्रतिशतको आधारमा संचालक समितिले उपयुक्त देखी निर्णय गरे बमोजिम कुल बार्षिक पारिश्रमिकको अधिकतम १५ प्रतिशतसम्मको प्रोत्साहन भत्ता ।

(ख) कम्पनी ऐन, G२०६३ मा तोकिए बमोजिम बाहेक प्रबन्ध निर्देशकको अधिकार समितिले तोके बमोजिम हुनेछ ।

(ग) प्रबन्ध निर्देशकको काम कर्तब्य निजले नियुक्तिका लागि पेश गरेको कार्य योजना, संचालक समितिसंग गरेको करार तथा नेपाल सरकार र संचालक समितिले तोके बमोजिम हुनेछ ।

●१६. <u>संचालकको पारिश्रमिक र अन्य सुबिधा सम्बन्धी ब्यवस्था:</u> संचालकले पाउने मासिक पारिश्रमिक, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधाहरु अनुसूची १ बमोजिम हुनेछ:

●१७. <u>कम्पनीको हिसाब किताब र लेखा:</u> यस कम्पनीको हिसाब किताब र लेखा कम्पनी ऐन, २०६३ मा उल्लेख भए बमोजिमको लेखा मापदण्ड अनुरुप तयार गरिनेछ ।

१८. <u>लेखापरीक्षण:</u>

(१) यस कम्पनीले आफ्नो हिसाब किताबको लेखापरीक्षण गराउनेछ ।

●(२) यस कम्पनीको साधारणसभाले महालेखा परीक्षकको विभागबाट प्रमाण-पत्र पाएका तथा कम्पनी ऐन, २०६३ को दफा ११२ बमोजिम अयोग्य नभएका लेखापरीक्षकहरु मध्येबाट लेखापरीक्षक नियुक्ति गर्नेछ र त्यसरी नियुक्त भएको मितिले १५ दिनभित्र निजको नाम कार्यालयमा पठाउनेछ ।

---

● *कम्पनीको प्रथम साधारणसभा (मिति २०६५।१२।३०) द्वारा संशोधन*

E *कम्पनीको आठौ साधारणसभा (मिति २०७३।१।२०) द्वारा संशोधन*

G *कम्पनीको दशौं साधारणसभा (मिति २०७४।९।३०) द्वारा संशोधन*

तर प्रथम साधारणसभा हुनु भन्दा अघि संचालक समितिले लेखापरीक्षकको नियुक्त गर्नेछ ।

● (३) उपनियम (२) बमोजिम नियुक्त लेखापरीक्षकले कम्पनी ऐन, २०६३ मा व्यवस्था भए अनुरुप आफूले लेखापरीक्षण गरेको हिसाब किताब र लेखाबाट कम्पनीको वासलात, नाफा नोक्सानको हिसाब एवं नगद प्रवाह बिवरण प्रमाणित गरी आफुलाई नियुक्त गर्ने अधिकारीलाई सम्बोधन गरी आफ्नो प्रतिबेदन कार्यालयलाई र कम्पनीलाई दिनेछ । त्यस्तो प्रतिबेदनको प्रतिलिपि बार्षिक साधारणसभाको सूचनासंग संलग्न गरी प्रत्येक शेयरवाला र कार्यालयलाई पठाइनेछ ।

●१९. <u>कम्पनी गाभ्ने:</u> यस कम्पनीमा कुनै अर्को कम्पनीलाई वा यस कम्पनीलाई कुनै अर्को कम्पनीमा गाभ्न आवश्यक भएमा यस कम्पनीको साधारणसभाले बिशेष प्रस्ताब पारित गरी कम्पनी ऐन, २०६३ को दफा १७७ बमोजिमको प्रक्रिया पुरा गरी कम्पनीलाई गाभ्न सकिने छ ।

२०. <u>कम्पनीको खारेजी:</u>

(१) कम्पनीको साधारणसभाले आवश्यक देखेमा बिशेष प्रस्ताब पारित गरी कम्पनी खारेज गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम खारेजीको प्रस्ताब पारित गर्दा साधारणसभाले खारेजीको कामका लागि एक वा एक भन्दा बढी लिक्वडेटरहरु र कम्पनीको हिसाब किताब जांच गर्नका लागि एक वा एक भन्दा बढी लेखापरीक्षकहरुको नियुक्ति गर्नेछ । त्यसरी नियुक्त भएका लिक्विडेटर तथा लेखापरीक्षकको पारिश्रमिक साधारणसभाले तोकिदिए बमोजिम हुनेछ ।

●(३) उपनियम (२) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखापरीक्षकले कम्पनी ऐन,२०६३ मा ब्यवस्था भए अनुरुप कम्पनी खारेजी सम्बन्धी काम कारवाही गर्नेछन् ।

२१. <u>अन्य आवश्यक कुराहरु:</u>

(१) कम्पनीको आर्थिक बर्ष श्रावण १ गतेदेखि आषाढ मसान्तसम्म हुनेछ ।

(२) यस कम्पनीको कारोबारको सम्बन्धमा शेयरवालाको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

(३) कम्पनीको शेयरवाला तथा डिबेन्चरवालाले शेयर वा डिबेन्चर दर्ता किताब निरिक्षण गर्न चाहेमा कम्पनीले निरिक्षण गर्न दिनु पर्नेछ ।

तर कम्पनीले राष्ट्रिय स्तरको पत्र-पत्रिकामा सात दिन अगावै सूचना प्रकाशित गरी एक बर्षमा पैतालिस दिनमा नबढाई एक पटकमा बढीमा ३० दिनसम्म दर्ता किताबको निरिक्षण बन्द गर्न सक्नेछ ।

●२२. <u>ऐन अनुसार हुने:</u> यस नियमावलीमा उल्लेख भएका कुराहरु कम्पनी ऐन, २०६३ संग बाझिएमा बाझिएको हदसम्म स्वत: निस्क्रिय हुनेछन् र यस नियमावलीमा उल्लेख नभएका कुराहरुको हकमा सोही ऐनमा उल्लेख भए बमोजिम हुनेछ ।

---

● *कम्पनीको प्रथम साधारणसभा (मिति २०६५।१२।३०) द्वारा संशोधन*

राजेन्द्र श्रेष्ठ
कम्पनी सचिव

२३. हामी नेपाल दूरसञ्चार कम्पनी लिमिटेड नामक कम्पनीको संस्थापकले देहाय बमोजिमको शेयर लिन कबुल गरी देहायका साक्षीका रोहवरमा सहीछाप गरेका छौं ।

| सि.नं. | संस्थापकको नाम र ठेगाना | सहीछाप | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम र ठेगाना | साक्षीको सहीछाप |
|---|---|---|---|---|---|
| १ | *सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सचिव | दस्तखत | * ६,२२,९४,३०० | मुकुन्द प्रसाद आचार्य | दस्तखत |
| २ | अर्थ मन्त्रालय, सचिव | दस्तखत | ७,४९,४६,००० | सुशिल प्रसाद शर्मा | दस्तखत |
| ३ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सचिव | दस्तखत | १,००० | बाबुराम पराजुली | दस्तखत |
| ४ | *कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, सचिव | दस्तखत | १,००० | माधव पौडेल | दस्तखत |
| ५ | महालेखा नियन्त्रकको कार्यालय, म.नियन्त्रक | दस्तखत | १,००० | बिनोद के.सी. | दस्तखत |
| ६ | सूचना विभाग, महानिर्देशक | दस्तखत | १,००० | केदार बहादुर भट्टराई | दस्तखत |
| ७ | नागरिक लगानी कोष | दस्तखत | ५०,००० | अर्जुलाल | दस्तखत |
| * ८ | सर्व-साधारण शेयर, समूह | दस्तखत | १,२७,०५,७०० | विष्णु प्रसाद कसजु, सर्व-साधारण शेयरधनीको प्रतिनिधि | दस्तखत |
| | जम्मा: | | १५,००,००,००० | | |

मैले मस्यौदा गरेको यो नियमावलीमा संस्थापक तथा साक्षीहरुले मेरो सामुन्नेमा हस्ताक्षर गरेका हुन् र नियमावलीमा प्रचलित कानूनसंग बाझिने कुनै प्रावधान समावेश छैन भनी प्रमाणित गर्ने कानून व्यवसायी/चार्टर्ड एकाउन्टेन्टको,-

(क) नाम:- कोष कुमार नेम्वाङ्ग

(ख) दस्तखत:-

(ग) प्रमाणपत्र नम्बर:-

(घ) मिति:- २०६०।०९।०२

---

**o** *कम्पनीको प्रथम साधारणसभा (मिति २०६५।१२।३०) द्वारा संशोधन.*

* *कम्पनीको तह्रौं साधारणसभा (मिति २०७७।१२।१३) द्वारा संशोधन*

## ● कम्पनीको नियमावलीको नियम १६ संग सम्बन्धित

## अनुसूची १

B १. संचालकहरुले संचालक समितिको बैठकमा भाग लिए बापत प्रत्येक बैठकका लागि रु.४,०००।- (चार हजार) बैठक भत्ता पाउने छन् ।

A २. ---------------------------------------------------------------------------

A (क) ----------------------------------------------

A (ख) ----------------------------------------------

A (ग) ----------------------------------------------

३. साधारणसभाले संचालकहरुलाई सम्बन्धित मन्त्रालयको स्विकृती लिई प्रोत्साहन स्वरुप पुरस्कार दिन सक्नेछ ।

४. संचालकहरुले कम्पनीको कामको सिलसिलामा भ्रमण गर्दा दिइने दैनिक तथा भ्रमण भत्ता र अन्य सुबिधाहरु देहाय बमोजिम हुनेछ ।

५. **दैनिक भ्रमण भत्ता**

अन्तर्राष्ट्रिय सम्मेलन, गोष्ठी, समारोह, निमन्त्रण, बैठक, तालिम, अध्ययन भ्रमण र अन्य कुनै कम्पनीको कामको सिलसिलामा जांदा देहाय बमोजिम दैनिक भत्ता दिइनेछ।

B, H (क) **स्वदेशमा भ्रमण भत्ता दर**

रात बिताउनु पर्ने गरी नेपाल भित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता बापत दैनिक रु.२,५००।- (दुई हजार पांच सय) तथा वास खर्च वापत दैनिक रु.२,०००।-(दुई हजार) मा नवढ्ने गरि विल वमोजिमको रकम दिइनेछ ।

(ख) **बिदेशमा जांदाको दैनिक भत्ता दर**

(१) "क" वर्गका मुलुकहरुको लागि अमेरिकी डलर १७५।-

(२) "ख" वर्गका मुलुकहरुको लागि अमेरिकी डलर १५०।-

(३) "ग" वर्गको लागि नेपाल राज्यभित्र भ्रमण गर्दा पाउने दर अनुसारको दैनिक भत्ता तथा भ्रमण खर्च दिइनेछ ।

A (४) संचालक समितिका पदाधिकारीहरुले उल्लिखित स्थानहरुमा भ्रमण गर्दा दैनिक भत्ता पुरै रकम र होटेल खर्च बिल बमोजिम दैनिक भ्रमण भत्ता रकममा थप ५० प्रतिशत नबढ्ने गरी दिइनेछ ।

---

● *कम्पनीको प्रथम साधारणसभा (मिति २०६५।१२।३०) द्वारा संशोधन*

A *कम्पनीको तेश्रो साधारणसभा (मिति २०६८।१।१९) द्वारा संशोधन*

B *कम्पनीको चौथो साधारेणसभा (मिति २०६८।१२।२२) द्वारा संशोधन*

H *कम्पनीको बाह्रौ साधारणसभा (मिति २०७६।९।२९) द्वारा संशोधन*

(५) बिदेश जांदाको दैनिक भत्ताको प्रयोजनका लागि मुलुकहरुको वर्गीकरण देहाय बमोजिम गरिएको छ ।

(क) **"क" वर्गका मुलुकहरु:** यूरोप, उत्तर अमेरिका, दक्षिण अमेरिका, क्यारेवियन क्षेत्र, अफ्रिका, पश्चिम एशिया तथा मध्यपूर्व र "ख" वर्गमा उल्लिखित मुलुकहरु बाहेकका एशिया तथा प्रशान्त क्षेत्रका मुलुकहरु ।

(ख) **"ख" वर्गका मुलुकहरु:** सार्क क्षेत्रका मुलुकहरु ।

(ग) "ग" वर्गमा पर्ने नेपालसंग सिमाना जोडिएका भारतीय जिल्लाहरु दार्जिलिङ्ग,पूर्णिया, शहरसा, सिक्किम, मधुवनी, सितामढी, चम्पारन, गोरखपुर,वस्ती, गोण्डा, बहराइच, लखिमपुर, पिलिभिथ, नैनीताल, अलमोडा, पिथौरागढ ।

६. **अतिथि राष्ट्रबाट खान बस्नको प्रबन्ध भएमा पाकेट खर्च मात्र पाउने:**
अतिथि राष्ट्र वा कुनै संघ संस्था वा कम्पनीबाट खाने बस्नेको प्रवन्ध भएमा पाउने भत्ता सम्बन्धमा देहाय अनुसार हुनेछ:

(क) अन्तर्राष्ट्रिय सम्मेलन, तालिम, गोष्ठी, कार्यशाला, अध्ययन भ्रमण, समारोह, निमन्त्रणा, वार्ता वा बैठकमा जांदा कुनै मित्र राष्ट्र वा अन्तर्राष्ट्रिय संस्थाकै तर्फबाट वा आपूर्तिकर्ताको तर्फबाट खाने बस्नेको प्रवन्ध भई खर्चको रुपमा कुनै रकम दिने व्यवस्था नभएमा त्यस्तो कर्मचारीले पाउने दैनिक भत्ताको २५ प्रतिशतका दरले पाकेट खर्च बापतको रकम मात्र पाउनेछ । तर एक महिना भन्दा बढीको तालिम वा अध्ययनका ~~लागि~~ गएकोमा पाकेट खर्च बापतको रकम पाउने छैन् ।

(ख) कुनै मित्र राष्ट्र वा अन्तर्राष्ट्रिय संस्थाबाट खान ब्रस्नको लागि रकम नै दिएमा उपदफा (क) बमोजिमको पाकेट खर्च दिइनेछैन् ।

तर तालिम वा अध्ययन बाहेक बुंदा नं."क" बमोजिम अन्य काममा जांदा त्यस्तो रकम यो अनुसूची बमोजिम जम्मा पाउने दैनिक भत्ताको रकम भन्दा कम हुने भएमा त्यसरी कम भए जति रकम दैनिक भत्ताको रुपमा दिइनेछ ।

(ग) भ्रमणको सिलसिलामा लागेको स्थानिय परिवहन र अन्य फुटकर सानातिना खर्चहरु कर्मचारीले पाकेट खर्च बापत पाउने रकमबाटै ब्यहोर्नु पर्नेछ । तर

हवाई उडान कर र अन्य यस्तै कुनै शुल्क तिरेको प्रमाण पेश गरेमा त्यस्तो रकम सोधभर्ना पाउनेछ ।

(घ) संचालकहरुले बिदेश जांदा दैनिक भत्ता पाउनेमा प्रस्थान गरेको दिनको पुरै र भ्रमणबाट फर्केको दिनको हकमा सो दिन भन्दा अघिल्लो दिनको लागि पाउने दैनिक भत्ताको आधा पाउने छन् ।

७. <u>लुगा भत्ता:</u>
संचालकहरुलाई बिदेश भ्रमणमा जांदा रु.७,०००।- लुगा भत्ता दिइनेछ । लुगा भत्ता पाएको दुई बर्ष भुक्तान नभई अर्को लुगा भत्ता दिइनेछैन् ।

८. <u>नेता भत्ता:</u>
प्रतिनिधि मण्डलको नेता भई जानेलाई माथि लेखिएको दैनिक भत्ताको २५ प्रतिशत थप नेता भत्ता दिइनेछ ।

९. <u>भैपरी आउने खर्च:</u>
अन्तर्राष्ट्रिय सम्मेलन वा सेमिनारमा भाग लिन जाने संचालकलाई बिल भर्पाई पेश गर्न नपर्ने गरी अमेरिकी डलर ३०० भैपरी आउने खर्च दिन सकिनेछ ।

तर भारत भ्रमण गर्दा उल्लिखित दरको आधामात्र भैपरी खर्च दिइनेछ ।

१०. <u>बाटोमा पर्ने देशहरुमा बस्नु परेमा:</u>
बिदेशमा जांदा वा आउंदा बाटोमा पर्ने कुनै मुलुकमा रात बिताउनु पर्दा सवारी साधन उपलब्ध गराउने संस्थाले खाने बस्ने प्रबन्ध नगरेकोमा त्यस्तो रात बिताएको अवस्थामा यस अनुसूचीको बुंदा नं.६ को "ख" को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भए बमोजिमको खर्च दिइनेछ ।

११. <u>भ्रमण आदेश दिने अधिकारी:</u>
(क) समितिको अध्यक्षलाई समितिले भ्रमण आदेश दिनेछ ।
(ख) समितिको सदस्यलाई अध्यक्षले भ्रमण आदेश दिनेछ ।

१२. <u>उडान बिमा खर्च:</u>
संचालकहरुलाई हवाईजहाज भ्रमण गर्दा बिजनेश क्यालसको खर्च उपलब्ध हुनुको साथै रु.पांच लाखसम्मको उडान बिमाङ्क रकमको खर्च दिइनेछ । साथै बिदेश भ्रमण गर्दा दश लाख रुपैयासम्मको बिमाङ्क रकमको लागि लाग्ने बिमा प्रिमियम बापतको खर्च दिइनेछ ।

राजेन्द्र श्रेष्ठ
कम्पनी सचिव

१३. <u>टेलिफोन सेवा:</u>

**संचालक समितिका अध्यक्ष/प्रबन्ध संचालकलाई:**

| | | |
|---|---|---|
| स्थानिय टेलिफोन सेवा बार्षिक | - | पुरै छुंट |
| अन्तरदेशीय ट्रंकल बार्षिक | - | १२०० मिनेट |
| अन्तर्राष्ट्रिय ट्रंकल बार्षिक | - | ७०० मिनेट |

**संचालक समितिको सदस्यहरुलाई:**

| | | |
|---|---|---|
| स्थानिय टेलिफोन सेवा बार्षिक | - | पुरै छुट |
| अन्तरदेशीय ट्रंकल बार्षिक | - | १००० मिनेट |
| अन्तर्राष्ट्रिय ट्रंकल बार्षिक | - | ३०० मिनेट |

संचालक समितिका अध्यक्ष तथा सदस्यहरुले पदमुक्त भएको मितिले दुई बर्षसम्म कम्पनीबाट अध्यक्ष तथा सदस्यको हैसियतले पाएको स्थानिय टेलिफोन सेवा बापत सुबिधा यथावत प्रयोग गर्न पाउनेछन् ।

१४. **<u>GSM वा CDMA मोबाईल टेलिफोन सेवा:</u>**

| | | |
|---|---|---|
| न्यूनतम मासिक महशूल | - | पुरै छुट |
| Air Time Charge | - | १००० मिनेट बराबरको रकम छुट |

F१५. संचालकहरुलाई निजको निवासमा १ एम्बीपिएस् क्षमताको Unlimited Internet Bandwidth को एडिएस्एल सुबिधा वा Fiber To The Home (FTTH), * NTTV Premium Package सुबिधा मासिक रुपमा उपलब्ध गराउने ।

---

F *कम्पनीको नवौं साधारणसभा (मिति २०७३।११।३०) द्वारा संशोधन*

* *कम्पनीको तह्रौं साधारणसभा (मिति २०७७।१२।१३) द्वारा संशोधन*



राजेन्द्र श्रेष्ठ
कम्पनी सचिव